**अनुसूची-२**

(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)

# भजनी नगरपालिका, कैलाली

# स्थानीय राजपत्र

खण्ड : ९ संख्या : ७ प्रमाणीकरण मितिः२०८३।०३।२६ प्रकाशन मितिः२०८३।०३।२६

## भाग - १

## भजनी नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८३

प्रस्तावना : भजनी नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्कको निर्धारण गर्न, संकलन गर्न, छुट दिन तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम भजनी नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस विधेयकको नाम "भजनी नगरपालिकाको आर्थिक ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन २०८३ साल श्रावण १ गते देखि लागू हुनेछ ।

२. सम्पति कर (११३१३): (१) नगरपालिका क्षेत्रभित्रको सबै क्षेत्रमा घर/भवन र घरले चर्चेको जग्गामा अनुसूची- १ बमोजिम सम्पत्ति कर लगाई असूल गरिनेछ ।

(२) एकै व्यक्ति वा संस्थाको नाममा एक भन्दा बढी वडामा घरजग्गा भएमा एकिकृत रुपमा निर्धारण गरि सम्पति कर असुल गरिने छ ।

(३) सम्पत्तीकर र मालपोतकरमा पुष मसान्त भित्र कर दाखिला गर्ने करदातालाई सो बर्षको करमा १०% छुट दिईने छ र एक आर्थिक बर्षभित्र कर दाखिला नगर्ने करदाताबाट बार्षिक २०% का दरले जरिवाना असुल गरिने छ ।

(४) कुनै व्यक्ती वा संस्थाले सम्पत्तीकर र मालपोतकरमा स्वघोषणा गरी नगरपालिकाले कायम गरेको सम्पत्तीकर वा मालपोत कर भन्दा बढी तिर्न चाहेमा उक्त स्वघोषणा अनुसारको कर रकम कायम गरी लिन सकिने छ ।

स्पष्टिकरण : घरले चर्चेको जग्गा भन्नाले घरले ओगटेको जग्गा र सो घरले ओगटेको क्षेत्रफलको दोब्बर जग्गालाई सम्झनुपर्छ ।

(५) सम्पति कर नलाग्ने : देहायको सम्पतिमा सम्पति कर लाग्ने छैन ।

क) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकारको स्वामित्वमा रहेको घर र जग्गा

ख) सरकारी अस्पतालको भवन र जग्गा

ग) गुठीको स्वामित्वमा रहेको भवन र जग्गा

घ) सरकारी शिक्षण संस्था र अन्य सरकारी निकायको स्वामित्वमा रहेको भवन र जग्गा

ङ) धार्मीक सस्थाको भवन र जग्गा

च) बसपार्क, रंगशाला, मसानघाट, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका सरकारी स्थलहरु

३. भुमिकर(मालपोत)(११३१४) : नगरपालिका क्षेत्रभित्र घर/भवनले चर्चेको जग्गा बाहेकको जग्गाको अनुसूची- २ बमोजिम भुमिकर (मालपोत) कर लगाई असूल गरिनेछ।

४. घर वहाल कर (११३२१) : नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा घर जग्गा वहाल कर लगाई असूल गरिनेछ। बहाल सम्झौता रकमको १०% रकम घर/जग्गा बहाल कर बापत धनिबाट लिईने छ।

५. बहाल बिटौरी शुल्क (११३२२) : नगरपालिका क्षेत्रभित्र पर्ने ऐलानी जग्गा, आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि ३ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल गरिनेछ।

६. सवारी साधन कर(साना सवारी) (११४५१) : नगरपालिका क्षेत्रभित्र दर्ता भएका ठेला/रिक्सा, अटो रिक्सा आदिमा अनुसूचि-४ बमोजिम कर लगाइने र असुल गरिनेछ।

७. कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर (११६३१) : नगरपालिका क्षेत्र भित्र कृषि तथा पशुपंक्षीमा आधारित व्यावसायिक कारोवारको अनुमती तथा त्यस्तो व्यवसायिक कारोवारमा लाग्ने कर नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

८. कवाडी करः (११६३२) : नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले कवाडी माल वस्तुको व्यवसायिक कारोवार गरे वापत अनुसूची-५ बमोजिम हुनेछ।

९. अन्य कर (११६९१) : नगरपालिका क्षेत्रभित्र रहेका तालहरुमा माछापालन ठेक्का र नदी घाटहरुमा लगाईने नाउं (डुङ्गा) उत्तराही ठेक्का आदि वापतको कर यसमा हुनेछ। ताल ठेक्का र घाटहरुमा नाउं (डुङ्गा) उत्तराही ठेक्का बापतको कर कार्यपालिकाले तोके बमोजिम हुनेछ।

१०. सरकारी सम्पतिको वहालबाट प्राप्त आय (१४१५१): नगरपालिकाको जग्गा, भवन तथा अन्य सम्पति सटर भाडा, पसल भाडा, व्याक हो लोडर, भाईब्रेटर, रोलर र हातेरोलर, रोडरोलर, सक्सन ट्यांक, ट्याकटर आदी वहालबाट बाट आउने रकम अनुसूचि ६ अनुसार असुल गरिनेछ।

११. कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम (१४२११) : नगरपालिकाक्षेत्रभित्र पर्ने खोला तथा पोखरीमा जाल हानी माछा मार्ने ठेक्का आदि वापतको रकम यसमा हुनेछ, सो सम्बन्धी राजस्व रकम नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ।

१२. न्यायिक दस्तुर (१४२२१) : नगरपालिकाको न्यायिक समितिमा पेश हुने निवेदन एवम् प्रतिउत्तर पत्र दस्तुर, वकालत सम्बन्धी ईजाजतपत्र दस्तुर, न्यायसम्बन्धी अन्य राजश्व आम्दानी वापत अनुसूचि-७ वमोजिमको दस्तुर लिईनेछ ।

१३. शिक्षा क्षेत्रको आम्दानी (१४२२३) : नगरपालिका शिक्षा क्षेत्रमा उपलब्ध गराउने मार्कसिट (लब्धांक पत्र), तथा प्रमाण पत्र प्रतिलिपी तथा परिक्षा दस्तुर आदि वापत अनुसूचि-८ वमोजिमको दस्तुर लिईनेछ ।

१४.अन्य प्रशासनिक सेवा शुल्क (१४२२९) : नगरपालिकामा लिने बोलपत्र फाराम बिक्रीको रकम, निवेदन दस्तुर, सर्टिफिकेट दस्तुर, दर्ता नविकरण दस्तुर, निवेदन दरखास्त दस्तुर आदि वापत अनुसूचि-९ वमोजिमको दस्तुर लिईनेछ ।

१५. पार्किङ शुल्क(१४२४१): नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सेवा उपलब्ध गराए वापत पार्किङ शुल्क लगाइने र असूल गरिनेछ । नगरपालिकाले बसपार्कको निर्माण तथा व्यवस्थापन गरी बसपार्कमा सवारी साधन पार्किङ्ग शुल्क नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

१६. नक्शापास दस्तुर(१४२४२) : नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन निर्माण गर्दा नगरपालिकाले तोके वमोजिम अनुसूचि-१० अनुसारको दस्तुर लगाईने र असुल गरिनेछ ।

१७. सिफारिश दस्तुर(१४२४३) : नगरपालिकाले उपभोग मापन गर्न सकिने सेवा सुविधाहरु उपलब्ध गराए वापत अनुसूचि-११ मा उल्लेखित दरमा सिफारिस दस्तुर लिनेछ ।

१८. व्यक्तिगत घटना विलम्ब दस्तुर (१४२४४) : व्यक्तिगत घटना दर्ता बिलम्ब वापत अनुसूचि १२ अनुसारको दस्तुर लगाईने र असुल गरिनेछ ।

१९. नाता प्रमाणित दस्तुर (१४२४५) : नगरपालिकाबाट उपलब्ध गराउने नाता प्रमाणित सिफारिस वापत अनुसूचि १३ वमोजिमको दस्तुर लिईनेछ ।

२०. अन्य दस्तुर(१४२४९) : नगरपालिकाले लिने अन्य सेवाहरु सर्जिमिन मुचुल्का, घरबाटो प्रमाणीत लगायतका प्रमाणीकरण सेवा उपलब्ध गराए वापत अनुसूचि १४ मा बमोजिम लिईनेछ ।

२२. अन्य राजश्व (१४५२९) : भजनी नगरपालिका पशुसेवा शाखाले प्रदान गर्ने उपचार सेवाबाट प्राप्त राजश्व अनुसूचि-१५ अनुसार लिईनेछ ।

२३. व्यवसाय कर (१४६११) : (१) नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची-१६ बमोजिम व्यवसाय कर लगाई असूल गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कर असूल गर्दा कुनै सरकारी निकायमा दर्ता भई वा नभई संचालनमा रहेका तर नगरपालिकामा व्यवसाय दर्ता/नविकरण नगरेका व्यवसायीहरुले मिति २०८३ साल असोज मसान्त भित्र दर्ता गर्न आएमा आ.व. २०७९/८० सम्मको सम्पूर्ण कर छुट गरी आ.व. २०८०/०८१ देखिको बक्यौता रकम सहितको व्यवसाय कर लिई दर्ता/नविकरण गर्न सकिनेछ ।

(३) पौष मसान्तभित्र दर्ता र नबिकरण गरी व्यवसाय कर तिर्ने व्यवसायीलाई चालु आ.व. मा १०% छूट हुने र आर्थिक बर्ष भित्र कर दाखिला हुन नआएमा बार्षिक १०% का दरले जरिवाना लाग्ने छ। उक्त छुट तथा जरिवाना उपदफा (२) बमोजिम दर्ता/नविकरण गर्नेहरुलाई समेत लागु हुनेछ।

२४. बिज्ञापन कर (११४७२) : नगरपालिका क्षेत्रभित्र बिज्ञापन वापतको कर अनुसूची-१७ बमोजिम असुल गरिनेछ।

२५. मनोरन्जन कर : (१) नगरपालिका क्षेत्र भित्र संचालन हुने मनोरन्जन व्यवसायीहरुबाट सुदुरपश्चिम प्रदेश आर्थिक ऐनले निर्धारण गरेको आधार र दरमा मनोरन्जन कर असुल गरिने छ।

(२) पटके वा विषेश मेलामा संचालन हुने मनोरन्जनात्मक कार्यका लागि तोकिएको मनोरन्जन कर बुझाई अग्रीम स्वीकृती लिनु पर्ने छ।

२६. बिभाज्य कोष सम्बन्धी व्यवस्था : नगरपालिकाले प्रचलित कानुन बमोजीम संकलन गरि प्रदेश सरकारलाई हस्तान्तरण गर्नुपर्ने प्रकृतिका राजस्वहरु यस कोषमा जम्मा गरी तोकिए बमोजिम बाँडफाड गरिने छ।

२७. अन्य व्यवस्था : (१) भजनी नगरपालिकाका विभिन्न शाखा र वडा कार्यालयबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनुपर्ने कर, शुल्क, दस्तुर तथा जरिवानालाई सेवासँग आवद्ध गरी अनिवार्य रुपमा असुल उपर गरि सेवा प्रवाह गर्नु पर्नेछ।

(२) **कम्पनी, फोर्म, संघ सस्थाहरुले यस नगरपालिकामा सार्बजनिक खरिद प्रक्रियामा सहभागी हुन अनिवार्य रुपमा व्यवसाय दर्ता तथा नविकरण गरेको हुनु पर्नेछ** तर अन्य स्थानीय तहमा कानुन बमोजिम दर्ता भएका कम्पनी, फोर्म, संघ सस्थाहरुले यस नगरपालिकामा पुनः व्यवसाय दर्ता गर्नु पर्ने छैन।

२८. कर छुट : यस ऐन र यस ऐन अन्तगर्त बनेका कार्यविधिमा उल्लेख भए बाहेक कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

२९. दण्ड जरिवाना : प्रशासनिक दण्ड जरिवाना ऐन, नियम , निर्देशिका र मापदण्डले तोके अनुसार हुनेछ।

३०. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ।

३१. यसै बमोजिम भएको मानिने : यो ऐन जारी हुनु अघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भएको मानिने छ।

३२. बाधा अड्काउ फुकाउ : यस ऐनको कार्यान्विनको क्रममा कुनै बाधा आइपरेमा भजनी नगर कार्यपालिकालाई बाधा अड्काउ फुकाउने अधिकार रहने छ।

३३. खारेजी : साबिकको भजनी नगरपालिकाले लागु गर्दै आएका व्यवस्थाहरु यस ऐनसँग प्रतिकुल देखिएमा प्रतिकुल भएको हादसम्म खारेज हुने छन्।

अनुसूचि –१

(दफा २ सँग सम्वन्धित)

**क) सम्पत्ति करको दर** (राजस्व शिर्षक नं. : ११३१३)

| क्र.सं. | सम्पत्तिको मुल्याङ्कन | आ.व. २०८२।०८३ को स्वीकृत दर रु. | आ.व. २०८३।०८४ को स्वीकृत दर रु. | कैफियत |
|---|---|---|---|---|
| **क** | १०लाख रुपैया सम्म | | | |
| १ | १लाख सम्म | २५ | ५० | |
| २ | १लाख १देखि २ लाख सम्म | ४५ | ६५ | |
| ३ | २लाख १देखि ३ लाख सम्म | ६० | ८० | |
| ४ | ३लाख १देखि ४ लाख सम्म | ७५ | ९५ | |
| ५ | ४लाख १देखि ५ लाख सम्म | १०५ | ११० | |
| ६ | ५लाख १देखि ६ लाख सम्म | १२० | १२५ | |
| ७ | ६लाख १देखि ७ लाख सम्म | १३० | १४० | |
| ८ | ७लाख १देखि ८ लाख सम्म | १५५ | १५५ | |
| ९ | ८लाख १देखि ९ लाख सम्म | १६० | १७० | |
| १० | ९लाख १देखि १० लाख सम्म | १७५ | १८५ | |
| **ख** | १०लाख १देखि २० लाख सम्म | ० | | |
| १ | १०लाख १देखि १२ लाख सम्म | २७५ | २५० | |
| २ | १२लाख १देखि १४ लाख सम्म | २९५ | २८० | |
| ३ | १४लाख १देखि १६ लाख सम्म | ३१० | ३१० | |
| ४ | १६लाख १देखि १८ लाख सम्म | ३४५ | ३४० | |
| ५ | १८लाख १देखि २० लाख सम्म | ३९५ | ३७० | |
| **ग** | २०लाख १देखि ३० लाख सम्म | ० | | |
| १ | २०लाख १देखि २२ लाख सम्म | ४९० | ४५० | |
| २ | २२लाख १देखि २४ लाख सम्म | ५९० | ५०० | |
| ३ | २४लाख १देखि २६ लाख सम्म | ६९० | ५५० | |
| ४ | २६लाख १देखि २८ लाख सम्म | ७९० | ६०० | |
| ५ | २८लाख १देखि ३० लाख सम्म | ९४० | ६५० | |
| **घ** | ३०लाख १देखि ५० लाख सम्म | ० | | |
| १ | ३०लाख १देखि ३३ लाख सम्म | ९७५ | ९७५ | |
| २ | ३३लाख १देखि ३६ लाख सम्म | १२७५ | १२७५ | |
| ३ | ३६लाख १देखि ३९ लाख सम्म | १५७५ | १५७५ | |
| ४ | ३९लाख १देखि ४२ लाख सम्म | १८७५ | १८७५ | |
| ५ | ४२लाख १देखि ४५ लाख सम्म | २१७५ | २१७५ | |

| | | | | |
|---|---|---|---|---|
| ६ | ४५लाख १देखि ४८ लाख सम्म | २३७५ | २३७५ | |
| ७ | ४८लाख १देखि ५० लाख सम्म | २५७५ | २५७५ | |
| ङ | ५०लाख १देखि १ करोड सम्म | ० | | |
| १ | ५०लाख १देखि ६० लाख सम्म | ३४५० | ३४५० | |
| २ | ६०लाख १देखि ७० लाख सम्म | ४४५० | ४४५० | |
| ३ | ७०लाख १देखि ८० लाख सम्म | ५९५० | ५९५० | |
| ४ | ८०लाख १देखि ९० लाख सम्म | ७९५० | ७९५० | |
| ५ | ९०लाख १देखि १ करोड सम्म | ८९५० | ८९५० | |
| च | १करोड १देखि २ करोड सम्म | ० | | |
| १ | १करोड १देखि १ करोड २० लाख सम्म | ११६०० | ११६०० | |
| २ | १करोड २०लाख १ देखि १ करोड ४० लाख सम्म | १३६०० | १३६०० | |
| ३ | १करोड ४०लाख १ देखि १ करोड ६० लाख सम्म | १५६०० | १५६०० | |
| ४ | १करोड ६० लाख १ देखि १ करोड ८० लाख सम्म | १७६०० | १७६०० | |
| ५ | १करोड ८०लाख १ देखि २ करोडसम्म | १९६०० | १९६०० | |
| छ | २करोड १देखि ३ करोडसम्म | ० | | |
| १ | २करोड १देखि २ करोड ३० लाख सम्म | २६७०० | २६७०० | |
| २ | २करोड ३०लाख १ देखि २ करोड ६० लाख सम्म | २९७०० | २९७०० | |
| ३ | २करोड ६०लाख १ देखि २ करोड ९० लाख सम्म | ३३७०० | ३३७०० | |
| ४ | २करोड ९० लाख १ देखि ३ करोड सम्म | ३७७०० | ३७७०० | |
| ज | ३ करोड १ देखि ५ करोड सम्म | ० | | |
| १ | ३करोड १ देखि ३ करोड ५० लाख सम्म | ४१८०० | ४१८०० | |
| २ | ३करोड ५०लाख १ देखि ३ करोड ८० लाख सम्म | ४३८०० | ४३८०० | |
| ३ | ३करोड ८०लाख १ देखि ४ करोड १० लाख सम्म | ४९८०० | ४९८०० | |
| ४ | ४करोड १०लाख १ देखि ४ करोड ४० लाख सम्म | ५२८०० | ५२८०० | |
| ५ | ४करोड ४०लाख १ देखि ४ करोड ७० लाख सम्म | ५५८०० | ५५८०० | |
| ६ | ४करोड ७०लाख १ देखि ५ करोड सम्म | ५९८०० | ५९८०० | |
| झ | ५ करोड १ देखि माथि | ६१००० | ६१००० | |

**सम्पत्ति कर प्रयोजन भौतिक संरचना मुल्याङ्कन दर**

| क्र स | विवरण | आ.व.२०८२/०८३ स्वीकृत दर प्रति वर्ग फिट रु. | आ.व.२०८३/०८४ स्वीकृत दर प्रति वर्ग फिट रु. | कैफियत |
|---|---|---|---|---|
| १ | आर सि सि ढलान भएका पक्की घर | १९०० | १९०० | |
| २ | पिल्लर नभएका ईट्टा वा ढुंगामा सिमेन्ट प्लाष्टर ढलान भएका | १६०० | १६०० | |

| | | | | |
|---|---|---|---|---|
| ३ | ईट्टा वा ढुंगालाई माटोको जोडाइमा प्लास्टर गरि जस्तापाता वा टायलको छाना भएका घर | ६५० | ६५० | |
| ४ | काठ वा बाँसको भित्ता र खर वा टायलको छाना भएका घर | २०० | २०० | |

| भवनको ह्रासकट्टी दर | | | | |
|---|---|---|---|---|
| क्र स | भवनको प्रकार | वार्षिक ह्रासकट्टी दर (प्रतिशत) | ह्रास कट्टि गर्ने जम्मा वर्ष | कैफियत |
| १ | आर सि सि ढलान भएका पक्की घर | १ | १०० | |
| २ | पिल्लर नभएका ईट्टा वा ढुंगामा सिमेन्ट प्लाष्टर ढलान भएका | १.५ | ५० | |
| ३ | ईट्टा वा ढुंगालाई माटोको जोडाइमा प्लास्टर गरि जस्तापाता वा टायलको छाना भएका घर | २ | २५ | |
| ४ | काठ वा बाँसको भित्ता र खर वा टायलको छाना भएका घर | २.५ | १५ | |

अनुसूची-२

(दफा ३ सँग सम्वन्धित)

भुमिकर(मालपोत)

(राजस्व शिर्षक नं. ११३१४)

| क्र.सं. | जग्गा मुल्याङ्कन | आ.व. २०८३।०८४ को स्वीकृत दर रु. | कैफियत |
|---|---|---|---|
| क | १०लाख रुपैया सम्म | १०० | |
| ख | १०लाख १देखि २० लाख सम्म प्रति लाख | २५ | |
| ग | २०लाख १देखि ३० लाख सम्म प्रति लाख | ३० | |
| घ | ३०लाख १देखि ५० लाख सम्म प्रति लाख | ५० | |
| ङ | ५०लाख १देखि १ करोड सम्म प्रति लाख | ७० | |
| च | १करोड १देखि २ करोड सम्म प्रति लाख | १०० | |
| छ | २करोड १देखि ३ करोडसम्म प्रति लाख | १५० | |
| ज | ३ करोड १ देखि ५ करोड सम्म प्रति लाख | २०० | |
| झ | ५ करोड १ देखि माथि प्रति लाख | २५० | |

ख) सम्पति कर तथा मालपोत करको प्रयोजनार्थ जग्गा मुल्याङ्कन

| वडा नं. १ | | | |
|---|---|---|---|
| क्र. स. | मुल्याङ्कनको आधार | मुल्याङ्कन दर प्रति कठ्ठा | कैफियत |
| १ | भजनी बजारको मुख्य सडकसँग जोडीएका जग्गा | ३०००००० | |
| २ | भजनी बजार देखि नगरपालिकाको भवन अगाडी हुँदै ठिंगरपुर जाने बाटोमा पर्ने जग्गा मुख्य सडकसँग जोडीएका जग्गा | १५००००० | |
| ३ | कृषि विकास बैंक देखि पि.सि.ओ जाने बाटोमा पर्ने जग्गा | २५००००० | |

| | | | |
|---|---|---|---|
| ४ | कृषि विकास बैंक देखि नगरपालिकाको भवन पछाडी हुँदै ठिंगरपुर जाने बाटो | २०००००० | |
| ५ | भजनी वजार चोक देखि प्राथमिक स्वास्थ्य केन्द्र हुँदै वडा नं. २ जोड्ने बाटो | १५००००० | |
| ६ | भजनी सुखड रोडसँग जोडीएका जग्गाहरु | १५००००० | |
| ७ | मुक्त कमैयाटोल भित्रका मुख्य मुख्य सडकसँग जोडिएका जग्गाहरु | ५००००० | |
| ८ | मुक्त कमैयाटोल भित्रका साना तथा कृषि सडकसँग जोडिएका जग्गाहरु | २००००० | |
| ९ | गाउँ/टोलका मुख्य मुख्य सडकसँग जोडिएका जग्गा | ८००००० | |
| १० | गाउँ/टोलका भित्रका साना तथा कृषि सडकसँग जोडिएका जग्गा | ३००००० | |
| ११ | सडकसँग नजोडिएका जग्गाहरु | १००००० | |

| वडा नं. २ | | | |
|---|---|---|---|
| क.स | मुल्याङ्कनका आधार | मुल्याङ्कन रकम प्रति कट्ठा | कैफियत |
| १ | वडा कार्यालय देखि वडा नं. १ जोड्ने बाटोमा पर्ने जग्गा | ५००००० | |
| २ | जोशीपुर भजनी सडक खण्डमा पर्ने जग्गा | ९००००० | |
| ३ | मोहनपुर देखि कटानपुर जाने ग्राभेल बाटोमा पर्ने जग्गा | २००००० | |
| ४ | तिनघरुवा देखि कटानपुर जाने घरसम्म पिच बाटोमा पर्ने जग्गा | ३००००० | |
| ५ | तिनघरुवा गाउँ भित्रको ग्राभेल बाटोमा पर्ने जग्गा | २००००० | |
| ६ | झोलुङ्गे पुलदेखि पल्टुपुर हुदै कटानपुर चोक सम्म ग्राभेल बाटोमा पर्ने जग्गा | २००००० | |
| ७ | रा.मा.वि. पल्टुपुर देखि वडा नं. ६ सिमाना सम्म ग्राभेल बाटोमा पर्ने जग्गा | २००००० | |
| ८ | वनदेवि समुदाय देखि जोशीपुर गा.पा. ३ भित्रैया सिमाना सम्म ग्राभेल बाटोमा पर्ने जग्गा | १५०००० | |
| ९ | वनदेवि समुदाय देखि पल्टुपुर गाउँ भित्र जाने ठूलो सिमल सम्म ग्राभेल बाटोमा पर्ने जग्गा | १५०००० | |
| १० | वनदेवि समुदाय देखि पल्टुपुर गाउँ भित्र जाने ग्राभेल बाटोमा पर्ने जग्गा | १५०००० | |
| ११ | काँढा नदिको नदि कटान/डूवान क्षेत्रका सडकले नछोएका जग्गाहरु | ७५०००० | |
| १२ | वडा भित्रका मुख्य मुख्य सडकमा जोडीएका जग्गाहरु | ३००००० | |
| १३ | वडा भित्रका साना तथा कृषि सडकसँग जोडीएका जग्गाहरु | २००००० | |
| १४ | बाटोसँग नजोडीएका कृषियोग्य जमिन | १००००० | |

| वडा नं. ३ | | | |
|---|---|---|---|
| क्र.स. | मुल्याङ्कनका आधार | मुल्याङ्कन रकम प्रति कट्ठा | कैफियत |
| १ | भजनी पेट्रोल पम्प देखि हुलाकी सडक जोड्ने सडकसँग जोडिएका जग्गा | १०००००० | |
| २ | ठेकीपुर देखी जवलपुर,कन्हैयापुर,हुदै कुसुमघाट सम्म ग्रावेल बाटो जोडिएको जग्गा | ३००००० | |
| ३ | कुसुमघाट दुर्गा मा.वि.देखी सेती लोकमार्ग हुलाकी राजमार्ग कालोपत्रे आसपासको जग्गा | ४००००० | |

| | | | |
|---|---|---|---|
| ४ | बर्दवाफाँटा प्रतिक्षालय देखी दैलेखी टोल नयाँ बस्ती सम्म भत्री गल्ली आसपासको जग्गा | २५०००० | |
| ५ | भजनी बौनिया रोडसँग जोडीएका जग्गा | ८००००० | |
| ६ | वडा भित्रका मुख्य मुख्य सडकसँग जोडिएका जग्गा | ३००००० | |
| ७ | वडा भित्रका साना तथा कृषि सडकसँग जोडिएका जग्गा | २००००० | |
| ८ | सडकसँग नजोडीएका कृषियोग्य जमिन | १००००० | |
| ९ | नदि कटान तथा नदि डुवानमा रहेका बाटो सडकसँग नजोडिएका जग्गा | ७५००० | |

| वडा नं. ४ | | | |
|---|---|---|---|
| क्र. स. | मुल्याङ्कनका आधार | मुल्याङ्कन रकम प्रति कठ्ठा | कैफियत |
| १ | भजनी-सुखड रोडसँग जोडीएका जग्गा | ८ लाख | |
| २ | धनौरा/खैलाड बजारका सडकसँग जोडीएका जग्गा | ७ लाख | |
| ३ | वडा नं. ४ को विभिन्न टोल/गाउँका मुख्य सडकसँग जोडिएका जग्गा | ६ लाख | |
| ४ | वडा नं. ४ को विभिन्न टोल/गाउँ भित्रका साना तथा कृषि सडकसँग जोडिएका जग्गा | २ लाख ५० हजार | |
| ५ | नदि कटान / डुवान क्षेत्रका सडकले नछोएका जग्गाहरु | ७५ हजार | |
| ६ | सडकसँग नजोडीएका कृषी योग्य जग्गाहरु | १ लाख | |

| वडा नं. ५ | | | |
|---|---|---|---|
| क्र.स. | मुल्याङ्कनका आधारहरु | मुल्याङ्कन रकम प्रति कट्टा | कैफियत |
| १ | हुलाकी सडकसँग जोडिएका जग्गाहरु | १०००००० | |
| २ | सिमा भन्सार रोडसँग जोडीएका जग्गा | ८००००० | |
| ३ | कमेश्वर देखि चमरौधा जाने बाटोसँग जोडिएका जग्गाहरु | ३००००० | |
| ४ | भगतपुर देखि फाँटा जाने बाटोमा पर्ने जग्गाहरु | १५०००० | |
| ५ | लौबस्ता देखि लखरया जाने बाटोमा पर्ने जग्गा | ३००००० | |
| ६ | बेलाह देखि फाँटा जाने बाटोमा पर्ने जग्गा | १५०००० | |
| ७ | वेलाह देखि मिलनपुर हुदै कौवाखेडा पगियापसार जाने बाटो | २००००० | |
| ८ | कर्मदेव मन्दिर देखि कान्द्रा नदि जाने बाटोमा पर्ने जग्गा | ३००००० | |
| ९ | गाउँ भित्रका मुख्य मुख्य सडकसँग जोडीएका जग्गाहरु | २००००० | |
| १० | गाउँ भित्रका साना कृषि सडकसँग जोडीएका जग्गाहरु | १५०००० | |
| ११ | नयाँबस्ती/लौवस्ता/वेलाह/मिलनपुर/दुदुवाफाट/कोवाखेडा/पगीयापसारका नदी कटान जग्गाहरु | ७५००० | |

| वडा नं. ६ | | | |
|---|---|---|---|
| क्र सं | **मुल्यांकनको आधार** | **स्वीकृत मुल्यांकन रकम प्रति कठ्ठा** | **कैफियत** |
| १ | वडा कार्यालय देखि महादेउली जोड्ने बाटो | ५००००० | |
| २ | गाउँका मुख्य सडकमा जोडीएका जग्गाहरु | ३००००० | |
| ३ | गाउँका भित्री कृषि सडकमा जोडीएका जग्गाहरु | १५०००० | |

| | | | |
|---|---|---|---|
| ४ | सेती लोकमार्ग पिच बाटो | १०००००० | |
| ५ | गाउँको भित्री ग्राभेल सडक | २५०००० | |
| ६ | गाउँको भित्री कच्ची सडक | १५०००० | |
| ७ | सडक संग नजोडीएका कृषि जग्गा | १००००० | |
| ८ | डुवानमा परेका जग्गाहरु | ७५००० | |

वडा नं. ७

| क्र.स. | मुल्याङ्कनका आधारहरु | मुल्याङ्कन रकम प्रति कट्टा | कैफियत |
|---|---|---|---|
| १ | हुलाकी सडकसँग जोडिएका जग्गाहरु | १०००००० | |
| २ | गणेशमान बजार देखि दुर्गामन्दिर मधेशीटोलसम्म | ८००००० | |
| ३ | चर्रा चिलमचौराहा पचमुडिया सडक | ६००००० | |
| ४ | चर्रा कठरियाटोल देखि हलौनाबाबा मन्दिर सम्म जाने सडक | ६००००० | |
| ५ | गाउँ भित्रका मुख्य मुख्य सडकसँग जोडीएका जग्गाहरु | २००००० | |
| ६ | गाउँ भित्रका साना कृषि सडकसँग जोडीएका जग्गाहरु | १५०००० | |
| | सडकसँग नजोडीएका जग्गा | १००००० | |
| ७ | नदी कटान तथा डुवान क्षेत्रका जग्गाहरु | ७५००० | |

| वडा नं. ८ | | | |
|---|---|---|---|
| क्र सं | मुल्यांकनको आधार | स्वीकृत मुल्यांकन रकम प्रति कठ्ठा | कैफियत |
| १ | हुलाकी सडक सडकसँग जोडीएका जग्गाहरु | ८००००० | |
| २ | डबलपुल देखि तुल्सी सहकारी सम्म ग्राभेल बाटो गोडचौरा | ४००००० | |
| ३ | खैरा गौडी चोक देखि पुर्व जाने कालो पत्रे सडक | ५००००० | |
| ४ | सोनाफाँटा देखि जनकपुरसम्मको कालो पत्र सडक | ६००००० | |
| ५ | गाउँका मुख्य सडकमा जोडीएका जग्गाहरु | ३००००० | |
| ६ | गाउँका भित्री कृषि सडकमा जोडीएका जग्गाहरु | १५०००० | |
| ७ | सेती लोकमार्ग पिच बाटो | १०००००० | |
| ८ | गाउँको भित्री ग्राभेल सडक | २५०००० | |
| ९ | गाउँको भित्री कच्ची सडक | १५०००० | |
| १० | सडक संग नजोडीएका कृषि जग्गा | १००००० | |

| **वडा नं.९** | | | |
|---|---|---|---|
| क्र. स. | मूल्यांकनका अधार | मुल्यांकन रकम प्रति कट्ठा | कैफियत |
| १ | लालबोझी पच्मुदिया सडक खण्ड संग जोडिएका जग्गा | ६००००० | |
| २ | भजनी सुखड सडक खण्डमा पर्ने ओखरपुर कुड़ी क्षेत्रका जग्गा | ८००००० | |
| ३ | पच्मुडिया बजारका आवासिय जग्गा | ६००००० | |
| ४ | भुरुवा गाउँको भित्रि सडक संग जोडिएको सबै जग्गा | २००००० | |

| | | | |
|---|---|---|---|
| ५ | पहलवान/अम्बारी/गन्जहुवा/ ड़ोंग्पुर गाउँको मूल सडक संग जोडिएको सबै जग्गा | २५०००० | |
| ६ | पच्मुडिया/अम्बारी/ ड़ोंग्पुरका कृषि सडक संग जोडिएको जोडिएको ग्राभेल बाटोमा पर्ने जग्गा | २००००० | |
| ७ | पहलवान/भुरुवा गाउँको कृषि सडक संग जोडिएको भित्रि ग्राभेल सडकमा पर्ने जग्गा | १५०००० | |
| ८ | वडा नं. ९ का नदि कटान / डुबान क्षेत्रका जग्गा | ७५००० | |
| ९ | बाटो नछोएको कृषि योग्य जग्गा | १००००० | |

अनुसूची-३

(दफा ५ सँग सम्वन्धित)

**बहाल बिटौरी शुल्क दर**

(राजस्व शिर्षक नं. ११३२२)

| क्र.सं. | विवरण | आ.व. २०८२/०८३ मा स्वीकृत दर रकम | आ.व. २०८३/०८४ मा स्वीकृत दर | कैफियत |
|---|---|---|---|---|
| १ | ऐलानी जगा भोगचलन गरे वापत वार्षिक प्रति कठ्ठा आवासीय लागि | १०० | १०० | |
| २ | ऐलानी जगा भोगचलन गरे वापत वार्षिक प्रति कठ्ठा कृषी प्रयोजनको लागि | ३० | ३० | |
| ३ | नगरपालिकाले आफूले निर्माण रेखदेख वा संचालन गरेको हाटबजार सार्वजनिक स्थल, बाटो छेउ ऐलानी जग्गामा पसल राख्न मासिक प्रतिवर्ग फीट | ५ | ५ | |
| ४ | अस्थायी हाटबजार (दैनिक) | | | |
| | टोकरी पसल | १० | १० | |
| | साग सब्जी र फलफूल पसल | २० | ३० | |
| | पकौडा, समोसा, जेरी, पानीपुरी आदि जस्ता पसल | २५ | ३० | |
| | माछा, मासु पसल | ५० | ५० | |
| | अन्य पसल | २५ | ३० | |
| | चौपाया प्रतिगोटा | ५० | ५० | |
| ५ | अस्थायी घम्ती पसलहरु (ठेला पसल, बरफ चटपटे पसल जस्ता पसलहरु) | १५ | १५ | |
| ऐलानी जग्गामा अस्थायी रुपमा घर टहरा बनाइ बसोबास गर्ने घरपरिवारबाट पुर्वाधार विकास शुल्क | | | | |
| १ | कच्ची प्रति घर वार्षिक रु. | १०० | १०० | |
| २ | प्रति घर अर्धकच्ची वार्षिक रु. | १५० | १५० | |
| ३ | प्रति घर पक्की वार्षिक रु. | २०० | २०० | |

अनुसूचि –४

(दफा ६ सँग सम्वन्धित)

**साना सवारी साधन कर**

(राजस्व शिर्षक नं. : ११४५१)

| सि.नं. | सवारी साधनको नाम/विवरण | आ.व.२०८२/०८३ स्वीकृत दररेट रकम | आ.व.२०८३/०८४ स्वीकृत दररेट रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ई-रिक्सा र टेम्पो दर्ता | १००० | १००० | |
| २ | ई-रिक्सा र टेम्पो नविकरण | ५०० | ५०० | |
| ३ | ई-रिक्सा र टेम्पोको रुट ईजाजत दस्तुर | ७५० | ७५० | |
| ४ | गैरकानुनी रुपमा संचालित रिक्सा तथा ईरिक्सा कारवाहीमा प्रतिपटक | ५०० | ५०० | |
| ५ | जरीवाना प्रतिपटक | ५०० | ५०० | |
| ६ | जांच पास वार्षिक दस्तूर | २५० | २५० | |
| ७ | ठेला रिक्सा दर्ता | ३०० | ३०० | |
| ८ | ठेला रिक्सा नविकरण | १०० | १०० | |
| ९ | नामसारी दस्तुर | १००० | १००० | |

अनुसूचि-५

(दफा ८ सँग सम्वन्धित)

**कवाडी करको दर**

(राजस्व शिर्षक नं. : ११६३२)

| सि.नं | कबाडको प्रकार | इकाई | आ.व.२०८२/०८३ मा स्वीकृत दर रु. | आ.व.२०८३/०८४ मा स्वीकृत दर रु. | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | अखवार (न्युज पिन्ट), अन्य कागज काटुन समेत | प्रतिके.जी | ५ | ५ | |
| २ | अन्य कवाडी | प्रतिके.जी | ५ | ५ | |
| ३ | अन्य धातु(पित्तल, तामार कांस आदी) | प्रतिके.जी | १२ | १२ | |
| ४ | अल्मुनियम ढलोट | प्रतिके.जी | १० | १० | |
| ५ | अल्मुनियम हल्का खाले | प्रतिके.जी | १२ | १२ | |
| ६ | काठको ठेकी | प्रतिके.जी | ५ | ५ | |
| ७ | कार्पेटका टुका | प्रतिके.जी | २ | २ | |
| ८ | गार्भेन्टको कपडाको टुका | प्रतिके.जी | २ | २ | |
| ९ | जलेको मोविल | प्रतिलिटर | २ | २ | |
| १० | जस्ता पाता | प्रतिके.जी | १० | १० | |
| ११ | जुटका बोरा | प्रतिके.जी | २ | २ | |
| १२ | झिण्डु(प्राकृतिक तथा कृतिम उनका टुका | प्रतिके.जी | २ | २ | |
| १३ | टायर ट्युब | प्रतिके.जी | २ | २ | |
| १४ | तेलको टिनको डब्बा | प्रतिके.जी | ५ | ५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | थोत्रा टिन टुक्रा | प्रतिके.जी | २ | २ | |
| १६ | पुराना प्लाष्टिक | प्रतिके.जी | २ | २ | |
| १७ | पुराना मेसिनरी औजार | प्रतिके.जी | ५ | ५ | |
| १८ | पुरानो ब्याट्री | प्रतिके.जी | १२ | १२ | |
| १९ | पेय पदार्थ खालि सिसिहरु र काचको धुलो र टुका | प्रतिके.जी | १ | १ | |
| २० | पोलिथिन-पाईपका, प्लास्टिक-पाइपका टुकाहरु | प्रतिके.जी | ३ | ३ | |
| २१ | प्लाष्टिकका बोरा | प्रतिके.जी | ३ | ३ | |
| २२ | फलाम | प्रतिके.जी | ५ | ५ | |
| २३ | स्टिल | प्रतिके.जी | ५ | ५ | |

अनुसूचि –६

(दफा १० सँग सम्वन्धित)

**सरकारी सम्पतिको वहालबाट प्राप्त आयः**

(राजस्व शिर्षक नं.: १४१५१)

| क्र स | विवरण | आ.व.२०८२/०८३ स्वीकृत दर रु. | आ.व. २०८३/०८४ को स्वीकृत दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | जेनेरेटर (ईन्धन बाहेक) दैनिक | १५०० | १५०० | |
| २ | ब्याकहो लोडर प्रति घण्टा (ईन्धन सहित) | २३०० | २३०० | |
| ३ | ब्याकहो लोडर व्यक्तिगत घरका मृतक पशु चौपाया व्यवस्थापन शुल्क प्रति चौपाया (ईन्धन सहित) | ५०० | ५०० | |
| ४ | सडक रोलर प्रति दिन (इन्धन बाहेक) | १०००० | १०००० | |
| ५ | मृतक छाडा पशु चौपाया व्यवस्थापन | ० | ० | |
| ६ | सानो ट्रिपरको भाडा प्रति दिन ईधन बाहेक | ६००० | ६००० | |
| ७ | ठुलो ट्रिपरको भाडा प्रति दिन ईधन बाहेक | १०००० | १०००० | |
| ८ | न.पा.को हल भाडा प्रतिदिन | १००० | १००० | |
| ९ | प्रोजेक्टर भाडा प्रतिदिन | ५०० | ५०० | |
| १० | Concrete cube mould प्रति Test | १००० | १००० | |
| ११ | रोलरको लागि पानी ट्यांकी ट्याक्टर सहित प्रतिदिन (ईन्धन बाहेक) | २००० | २००० | |
| १२ | ट्रयाक्टर प्रति दिन (ईन्धन बाहेक) | | ५००० | |
| १३ | ई- रिक्सा प्रति पटक नगर क्षेत्र भित्र | | २५० | |
| १४ | ई- रिक्सा प्रति पटक नगर क्षेत्र बाहिर | | ५०० | |
| नोट : ब्याकहो लोडर चलाए वापत सवारी चालकलाई प्रति घण्टा रु.१००।– को दरले खाजा खर्च उपभोक्ता समिति बाहेकका सम्बन्धित व्यक्तिले उपलब्ध गराउनु पर्नेछ। | | | | |

अनुसूचि –७

(दफा १२ सँग सम्वन्धित)

**न्यायिक दस्तुर**

(राजस्व शिर्षक नं. : १४२२१)

| क्र.सं | विवरण | आ०८३/२०८२.व. को स्वीकृत करको दर रु. | आको ०८४/२०८३.व. स्वीकृत दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | न्यायिक समितीमा फिरादपत्र, प्रतिउत्तरपत्र दर्ता वापत दस्तुर | १०० | १५० | |
| २ | न्यायिक समितीमा जग्गा विवाद सम्बन्धी फिरादपत्र, प्रतिउत्तरपत्र दर्ता वापत दस्तुर | ३०० | ३०० | |
| ३ | न्यायिक समितीमा परेको मुद्दाको नक्कल उतार दस्तुर प्रति पाना | ५ | १० | |
| ४ | न्यायिक समिती महिला पिडित महिलाको मुद्दा दर्ता वापत दस्तुर | २० | २० | |
| ५ | मिलापत्र दस्तुर (दुवै पक्षबाट गरि) | ५०० | ५०० | |

**अनुसूचि –८**

(दफा १३ सँग सम्वन्धित)

**शिक्षा क्षेत्रको आम्दानी**

राजस्व शिर्षक नं. : १४२२३

| क्र.सं | विवरण | आ०८३/२०८२.व. को स्वीकृत दर रु. | आको ०८४/२०८३.व. स्वीकृत दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | विद्यालयलाई कक्षा ८ को प्रति मार्कसिट(लब्धांक पत्र) को प्रतिलिपि वापत | १०० | १०० | |

**अनुसूचि –९**

(दफा १४ सँग सम्वन्धित)

**अन्य प्रशासनिक सेवा शुल्क**

(राजस्व शिर्षक नं. : १४२२९)

| क्र.सं | विवरण | आ.व.२०८२/०८३ स्वीकृत दर रु. | आ.व.२०८३/०८४ को स्वीकृत दर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | एकीकृत पशुपंक्षी पालन फर्म दर्ता शुल्क | १००० | २५०० | |
| २ | एकीकृत पशुपंक्षी पालन फर्म नबिकरण शुल्क | ५०० | १५०० | |
| ३ | उखु खेती कृषक दर्ता/नविकरण | २५० | १०० | |
| ४ | कुखुरा पालन ठुला व्यवसाय फर्म दर्ता शुल्क | २००० | २००० | |
| ५ | कुखुरा पालन ठुला व्यवसाय फर्म नबिकरण शुल्क | १३०० | १३०० | |
| ६ | कुखुरा पालन मझौला व्यवसाय फर्म दर्ता शुल्क | १५०० | १५०० | |
| ७ | कुखुरा पालन मझौला व्यवसाय फर्म नबिकरण शुल्क | १००० | १००० | |
| ८ | कुखुरा पालन साना व्यवसाय फर्म नबिकरण शुल्क | ७०० | ७०० | |

| | | | | |
|---|---|---|---|---|
| ९ | कुखुरा पालन साना व्यवसाय फर्म दर्ता शुल्क | १००० | १००० | |
| १० | कृषक र पशुपालन समिति दर्ता | १००० | १००० | |
| ११ | कृषक र पशुपालन समिति नबिकरण | ७०० | ७०० | |
| १२ | कृषक,पशुपालन र आमा स्वास्थ्य समुह नविकरण | ३०० | ३०० | |
| १३ | कृषक,पशुपालन र आमा स्वास्थ्य समुहदर्ता | ५०० | ५०० | |
| १४ | खानेपानी उपभोक्ता समुह/समिति दर्ता शुल्क | १५०० | १५०० | |
| १५ | खानेपानी उपभोक्ता समुह/समिति नविकरण शुल्क | १००० | १००० | |
| १६ | गाई र भैसी ठुला व्यवसाय फर्म दर्ता सुल्क | ३००० | ३००० | |
| १७ | गाई र भैसी ठुला व्यवसाय फर्म नबिकरण सुल्क | २००० | २००० | |
| १८ | गाई र भैसी मझौला व्यवसाय फर्म नबिकरण शुल्क | १६०० | १६०० | |
| १९ | गाई र भैसी मझौला व्यवसाय फर्मदर्ता शुल्क | २५०० | २५०० | |
| २० | गाई र भैसीसाना व्यवसाय फर्म नबिकरण शुल्क | १३०० | १३०० | |
| २१ | गाई र भैसीसाना व्यवसाय फर्मदर्ता शुल्क | २००० | २००० | |
| २२ | जग्गा सीमा विवादमा अमिन खटाई सिमांकन गर्नु पर्दा निवेदकले प्रति उजुरी तिर्नु पर्ने सेवा शुल्क | १५०० | २५०० | |
| २३ | टाइपिङ्,कम्प्युटर तथा भाषा प्रशिक्षण केन्द्र ट्युसन सेन्टर दर्ता शुल्क | २२०० | २२०० | |
| २४ | टेन्डरफाराम / शिलबन्दी बोलपत्र फाराम बिक्रि | ३००० | ३००० | |
| २५ | टेन्डरफाराम/ शिलबन्दी दरभाउपत्र फाराम बिक्रि | १००० | १००० | |
| २६ | तालीम तथा अनुसन्धान केन्द्र, शैक्षिक प्रतिष्ठान दर्ता शुल्क | २७५० | २७५० | |
| २७ | दाना उद्योग संचालन दर्ता शुल्क | ५००० | ५००० | |
| २८ | दाना उद्योग संचालन नबिकरण शुल्क | १६०० | १६०० | |
| २९ | दुना, टपरी उत्पादन उद्योग दर्ता शुल्क | १००० | १००० | |
| ३० | दुना, टपरी उत्पादन उद्योग नबिकरण शुल्क | ५०० | ५०० | |
| ३१ | नगदी/सम्पतिकर रसिदको प्रतिलिपि | १०० | १०० | |
| ३२ | प्रमाणीत कागजातको प्रतिलिपी दस्तुर प्रति पाना | १० | १० | |
| ३३ | प्लास्टिक रहित झोला उत्पादन उद्योग दर्ता शुल्क | १००० | १००० | |
| ३४ | प्लास्टिक रहित झोला उत्पादन उद्योग नबिकरण शुल्क | ५०० | ५०० | |
| ३५ | फर्म/संघ-संस्था, समुह आदिको सुचिकृत दस्तुर | ५०० | ५०० | |
| ३६ | बाख्रा र बंगुर ठुला व्यवसाय फर्म नबिकरण शुल्क | १३०० | १३०० | |
| ३७ | बाख्रा र बंगुर ठुला व्यवसाय फर्मदर्ता शुल्क | २००० | २००० | |
| ३८ | बाख्रा र बंगुर साना व्यवसाय फर्म नबिकरण शुल्क | ७०० | ७०० | |

| | | | | |
|---|---|---|---|---|
| ३९ | बाख्रा र बंगुर साना व्यवसाय फर्म दर्ता शुल्क | १००० | १००० | |
| ४० | बाख्रा र बंगुरमझौला व्यवसाय फर्म नबिकरण शुल्क | १००० | १००० | |
| ४१ | बाख्रा र बंगुरमझौला व्यवसाय फर्म दर्ता शुल्क | १५०० | १५०० | |
| ४२ | रासायनिक मल बिक्रेताको सुचीमा दर्ता शुल्क/ नविकरण | ५०० | ५०० | |
| ४३ | व्यवसाय/ समुह/ समिती प्रमाणपत्र प्रतिलिपी | ५०० | ५०० | |
| ४४ | व्यवसाय PAN दर्ता, थप तथा संसोधन शुल्क | | ३०० | |
| ४५ | सहकारी दर्ता प्रमाणपत्र जारी तथा प्रतिलिपि | १५०० | १५०० | |
| ४६ | चार किल्ला छुट्याउन अमिन शुल्क प्रति कित्ताको | १५०० | २५०० | सोही व्यक्तिको थप कित्ताको रु.५०० प्रति कित्ता |
| ४७ | चार किल्ला छुट्याउन अमिन शुल्क प्रति कित्ताको (जग्गा विवाद भएमा ) | २५०० | ४००० | |
| ४८ | कृषक र पशुपालन समुह लागत स्टिमेट निर्माण र प्रमाणित | ० | | |
| | १ देखि १० लाख सम्मको | ५०० | ५०० | |
| | १० लाख १ देखि २० लाख सम्मको | १००० | १००० | |
| | २० लाख १ देखि ४० लाख सम्मको | २००० | २००० | |
| | ४० लाख १ देखि माथि | ३००० | ३००० | |
| ४९ | विधुत कार्यालयले सार्वजनिक स्थान तथा सडक छेउमा गाडेका विधुत पोल बापत (बार्षिक प्रतिपोल) | १० | १० | |
| ५० | निर्माण सेवा ( घ वर्गको इजाजत पत्र) | ० | | |
| | इजाजतपत्र दर्ता दस्तुर | ८००० | ८००० | |
| | इजाजतपत्र नविकरण दस्तुर | ५००० | ५००० | |
| | इजाजत पत्र नविकरण विलम्ब दस्तुर | २००० | २००० | |
| | इजाजत पत्रको प्रतिलिपी | ३००० | ३००० | |
| | इजाजत पत्र नामसारी | ८००० | ८००० | |

**नोट १ :** समुह, फर्म, समितिको नबिकरणको अवधि समाप्त भएको मितिले ३ महिना भित्र सोहि शुल्कमा नबिकरण गरिने, सो अवधि पछी ६ महिना भित्र रु.१००/- जरिवाना र ६ महिना पछि नबिकरण गर्न आएमा रु.२००/- का दरले जरिवाना शुल्क लाग्ने छ । एक बर्ष भन्दा पछि नविकरण गर्न आएमा सो अवधीको दस्तुर सहित नविकरण रकमको सत प्रतिसत जरिवाना शुल्क लाग्ने छ ।

अनुसूचि –१०

(दफा १६सँग सम्वन्धित)

**नक्सा पासदस्तुर**

(राजस्व शिर्षक नं. : १४२४२)

| क्र सं | घरको बनावट | आ.व.२०८२/०८३ स्वीकृत दररेट प्रति बर्ग फीट | आ.व.२०८३/०८४ को स्वीकृत दररेट प्रति बर्ग फीट | कैफियत |
|---|---|---|---|---|
| १ | आर.सी.सी ढलान बनावट | ७ | ७ | |
| २ | लोड वियरिङ् बनावटको ढलान तथा कडी पाटन | ६ | ६ | |

| | | | | |
|---|---|---|---|---|
| ३ | ईटा लगाई सिमेन्ट वा माटो मसला जोडाई गरि बनेको | ४ | ४ | |
| ४ | कम्पाउण्ड वाल प्रति रनिङ् मिटर | ३ | ३ | |
| **नक्सापास सम्बन्धि अन्य दस्तुर** | | | | |
| **क्र सं** | **अन्य विवरण** | **आ.व.२०८२/०८३ स्वीकृत दररेट रकम रु.** | **आ.व.२०८३/०८४ स्वीकृत दररेट रु** | |
| १ | घरनक्सा पास फाराम दस्तुर | ५०० | ५०० | |
| २ | घर नक्साको प्रतिलिपी दस्तुर | १५०० | १५०० | |
| ३ | घरनिर्माण सम्पन्न प्रमाणपत्र दस्तुर | १५०० | १५०० | |
| ४ | घरनक्सा नामसारी दस्तुर | | | |
| | अ) व्यापारिक | ५५०० | ५५०० | |
| | आ) पारिवारिक | ३५०० | ३५०० | |

**नोट १** : महिला, अपांगता भएका व्यक्ति र अन्य लिंगीको हकमा नक्सा पास दस्तुरमा २५ प्रतिशत छुट दिईनेछ ।

**नोट २** : अभिलेखिकरण गर्नुपर्ने हकमा पास दस्तुर स्थानीय सरकार संचालन ऐन, २०७४ ले व्यवस्था गरे बमोजिम हुने छ ।

अनुसूचि –११

(दफा १७ सँग सम्वन्धित)

**सिफारिस दस्तुर**

(राजस्व शिर्षक नं. : १४२४३)

| क्र. स. | सिफारिस विवरण | आ.व.२०८२/०८३ स्वीकृत दर | आ.व.२०८३/०८४ को स्वीकृत दर | कैफियत |
|---|---|---|---|---|
| १ | अशक्त, असाहय तथा अनाथको पालन पोषणको लागि सिफारिस | निशुल्क | ० | |
| २ | आन्तरिक बसाइसराई सिफारिस | १०० | २०० | |
| ३ | आयोजना सम्झौता सिफारिस | १०० | १०० | |
| ४ | आयोजना सम्पन्नको सिफारिस | २०० | २०० | |
| ५ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित तथा सिफारिस | नि:शुल्क | ० | |
| ६ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित तथा सिफारिस | ५०० | ५०० | |
| ७ | उखु किसान दर्ताको लागि सिफारीस | | १०० | |
| ८ | उद्योग ठाउँ सारी गर्न सिफारिस | २००० | २००० | |
| ९ | उद्योग नामसारी गर्न सिफारिस | २००० | २००० | |
| १० | उद्योग स्थापना गर्न सिफारिस | ५०० | ५०० | |
| ११ | Work Experience Certificate | | ५०० | |
| १२ | कित्ताकाट गर्न सिफारिस | २५० | २५० | थप प्रति कित्ता रु.५० |
| १३ | कुनै व्यक्तिको नाम,थर, जन्म मिति तथा वतन फरक-फरक भएको भए सो व्यक्ति एकै हो भन्ने सिफारिस | २०० | २५० | |

| | | | | |
|---|---|---|---|---|
| १४ | खानेपानी, विद्युत, टेलिफोन जडान र नामसारी सिफारिस | २०० | २०० | |
| १५ | जग्गा दर्ता वा नामसारी, राजीनामा /बकसपत्र सिफारिस | ३०० | ३०० | |
| १६ | जग्गाको हक सम्बन्धमा सिफारिस | ३०० | ३०० | |
| १७ | जग्गाधनी पूर्जा हराएको सिफारिस | २०० | २५० | |
| १८ | जीवित रहेको सिफारिस | २०० | २०० | |
| १९ | तालीम तथा अनुसन्धान केन्द्र,कलेज,शैक्षिक प्रतिष्ठान दर्ता सिफारिस शुल्क | ३,००० | ३००० | |
| २० | नदिकटान जग्गा प्रमाणीत सिफारिस | २०० | २०० | |
| २१ | नागरिकता लिनको लागि सिफारिस दस्तुर | नि:शुल्क | २५० | |
| २२ | नागरिकता/राहदानी प्रतिलीपीको लागि सिफारिस | २०० | २५० | |
| २३ | नाम, थर, जन्म मिति संशोधनको लागि सिफारिस | २०० | २५० | |
| २४ | नेटवर्किङ्गको टावर जडानको सिफारिस | २००० | २००० | |
| २५ | पशु वस्तु (रांगा, भैसी, गोरु)को निकासीको सिफारिस प्रति गोटा | २५० | २५० | |
| २६ | ब्यापार व्यवसाय बन्द भएको, संचालन नभएको वा ब्यापार व्यवसाय हुदै नभएको सिफारिस | २०० | २०० | |
| २७ | भुमि सम्बन्धि आयोग जग्गाको कार्यन्वयन सिफारिस थप प्रति कठ्ठा | ३०० | ३०० | |
| २८ | भुमि सम्बन्धि आयोगबाट प्राप्त जग्गाको कार्यन्वयन सिफारिस पहिलो ५ कठ्ठा सम्म श्रेष्ता कायम गर्दा | ५०० | ५०० | |
| २९ | मोही लगत कट्टाको लागि सिफारिस | ३०० | ३०० | |
| ३० | योजनाको कार्यदेश तथा बैंक खाता सिफारिस | २०० | २०० | |
| ३१ | रासायनिक मल डिलरसिप प्रमाणपत्र नबिकरणको लागि सिफारिस दस्तुर | १५०० | १५०० | |
| ३२ | वन पैदवार सम्बन्धी सिफारिस | १००० | १००० | |
| ३३ | विद्यालयको ठाउँसारी तथा स्थानान्तरण सिफारिस | ५००० | ५००० | |
| ३४ | विद्यालयको नामसारी सिफारिस | ५००० | ५००० | |
| ३५ | श्रेस्ता कायम/तिनपुस्ते कायम सिफारिस | ३०० | ३०० | |
| ३६ | संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस | १०० | १०० | |
| ३७ | सस्था दर्ता लागि सिफारिस | ११०० | ११०० | |
| ३८ | सस्था नवीकरणको लागि सिफारिस | ६०० | ६०० | |
| ३९ | स्थायी बसाइसराई सिफारिस | २०० | २५० | |
| ४० | **निजी विद्यालय खोल्न सिफारिस र अनुमति** | | ० | |
| | आधारभुत तहसम्मका लागि | १०००० | १०००० | |
| | मा.वि.तहसम्मका लागि | २०००० | २०००० | |
| | निजि मन्टेश्वरी विद्यालय खोल्न अनुमति शुल्क | ८००० | ८००० | |
| ४१ | **निजी विद्यालय अप ग्रेड सिफारिस र अनुमति** | | ० | |
| | क) आधारभुत तह सम्मका लागि | ५००० | ५००० | |

| | | | | |
|---|---|---|---|---|
| | ख) मा.वि.तह सम्मका लागि | १०००० | १०००० | |
| ४२ | **पूर्जामा घर कायम सिफारिस** | | ० | |
| | क) पक्की घर | ३०० | ३०० | |
| | ख) कच्ची घर | १०० | १०० | |
| ४३ | **पेन्सन पट्टा सिफारिस** | | ० | |
| | क) नेपालका लागि | २२० | २२० | |
| | ख) भारतका लागि | ३०० | ३०० | |
| | ग) अन्य मुलुकका लागि | ५५० | ५५० | |
| ४४ | **रुख कटान तथा ढुवानी सिफारिस बापत** | | ० | |
| | अन्य कुकाठ ढुवानी सिफारिस प्रति ट्रक | १५०० | १५०० | |
| | अन्य कुकाठ ढुवानी सिफारिस प्रति ट्र्याक्टर | ५०० | ५०० | |
| | अन्य कुकाठहरु रुखको कटान सिफारिस प्रति गोटा | ५० | ५० | |
| | साजको रुख, खयरको रुख कटान सिफारिस प्रति गोटा | १५०० | १५०० | |
| | साल, साज, खयर ढुवानी सिफारिस प्रति ट्रक | २५०० | २५०० | |
| | साल, साज, खयर ढुवानी सिफारिस प्रति ट्र्याक्टर | १००० | १००० | |
| | सालको रुख कटान सिफारिस प्रति गोटा | ३००० | ३००० | |
| | सिसम ढुवानी सिफारिस प्रति ट्रक | २२०० | २२०० | |
| | सिसम ढुवानी सिफारिस प्रति ट्र्याक्टर | ८०० | ८०० | |
| | सिसम, सिमलको रुख कटान सिफारिस प्रति गोटा | ५०० | ५०० | |
| | हल्दो, जामुन,आँप, कुसुम, लिपतिसको रुख कटान सिफारिस प्रति गोटा | ४० | ४० | |
| ४५ | अन्य सिफारिस | २५० | २५० | |

अनुसूचि –१२

(दफा १८ सँग सम्वन्धित)

**व्यक्तिगत घटना दर्ता विलम्ब शुल्क**

(राजस्व शिर्षक नं. : १४२४४)

| क्र.स. | विषय | आ.व.२०८२/०८३ स्वीकृत दर | आ.व.२०८३/०८४ स्वीकृत दर | कैफियत |
|---|---|---|---|---|
| १ | व्यक्तिगत घटना दर्ताको विलम्ब शुल्क | २०० | २०० | |
| २ | व्यक्तिगत घटनादर्ता प्रमाणपत्रको नकल दस्तुर | ५०० | ५०० | |
| ३ | व्यक्तिगत घटना तथा नागरिक अभिलेख दर्ता किताब हेरेको दस्तुर | ४०० | ४०० | |

अनुसूचि –१३

(दफा१९ सँग सम्वन्धित)

**नाता प्रमाणित दस्तुर**

(राजस्व शिर्षक नं. : १४२४५)

| सि.नं. | विवरण | आ.व.२०८२/०८३ स्वीकृत दर | आ.व.२०८३/०८४ स्वीकृत दर | कैफियत |
|---|---|---|---|---|
| १ | नाता प्रमाणित नेपालीमा | २५० | २५० | |
| २ | नाता प्रमाणित अंग्रेजीमा | ३५० | ३५० | |

**अनुसूचि –१४**

**(दफा २० सँग सम्वन्धित)**

**अन्य दस्तुर**

**(राजस्व शिर्षक नं. : १४२४९)**

| क्र.सं | विवरण | आ.व.२०८२/०८३ स्वीकृत दर | आ.व.२०८३/०८४ को स्वीकृत दर | कैफियत |
|---|---|---|---|---|
| १ | अंशियार प्रमाणित | ३०० | ३०० | |
| २ | अन्य सर्जमिन मुचुल्का दस्तुर | ५०० | ५०० | |
| ३ | अर्को बिबाह नगरेको (बिधवा/विदुर ) प्रमाणित (अंग्रेजीमा) | ३०० | ३०० | |
| ४ | अर्को बिबाह नगरेको (बिधवा/विदुर ) प्रमाणित (नेपालीमा) | २०० | २५० | |
| ५ | औद्योगिक प्रयोजनको लागि सर्जमिन दस्तुर | २००० | २००० | |
| ६ | कागज तथा लिखत प्रमाणित | ५०० | ५०० | |
| ७ | घर पताल प्रमाणित | ३०० | ३०० | |
| ८ | घरबाटो प्रमाणित | ५५० | ५५० | |
| ९ | जग्गा/घर मुल्याङ्कन प्रमाणीत | ५५० | ५५० | |
| १० | चार किल्ला प्रमाणित पहिलो १ कित्ताको लागि | ३०० | ३०० | थप प्रति कित्ता रु.५० |
| ११ | जन्म मिति प्रमाणित दस्तुर(अंग्रेजीमा) | ३०० | ३०० | |
| १२ | जन्म मिति प्रमाणित दस्तुर(नेपालीमा) | २०० | २५० | |
| १३ | तमसुक/लेनदेन कागज प्रमाणित | २०० | २०० | |
| १४ | बार्षिक आय/ब्याय प्रमाणित | ०.१०% | ०.१०% | |
| १५ | मृतक संगको नाता प्रमाणित | २०० | २०० | |
| १६ | विवाह प्रमाणित (नेपालीमा) | २०० | ३०० | |
| १७ | विवाहित प्रमाणित तथा अविवाहित प्रमाणित (अंग्रेजीमा) | ३०० | ३०० | |
| १८ | विवाहित वा अविवाहित प्रमाणित | ३०० | ३०० | |
| १९ | व्यक्तिगत विवरण प्रमाणित | ५०० | ५०० | |
| २० | व्यवसायिक प्रयोजनको लागि सर्जमिन दस्तुर | १५०० | १५०० | |
| २१ | संगोल प्रमाणित | ३५० | ३५० | |
| २२ | हकदार वा हकवाला प्रमाणित | ३०० | ३०० | |

अनुसूचि –१५

(दफा २२ सँग सम्वन्धित)

**अन्य राजश्व**

(राजस्व शिर्षक नं.: १४५२९)

| क्र.स. | विवरण | आ.व. २०८२/०८३ को स्वीकृत दर | आ.व.२०८३/०८४ को स्वीकृत दर | कैफियत |
|---|---|---|---|---|
| १ | ठुला घरपालुवा पशु (राँगा, भैसी, गाई) उपचार सेवा प्रति पशु | २५ | १०० | |
| २ | कुखुरा, हाँस, बट्टाई, लौकटको उपचार सेवा प्रति गोटा | ५ | २० | |
| ३ | कृत्रिम गर्भाधान सेवा कार्यक्रम गाई, भैसी, बाख्रा प्रति पटक प्रति पशु | निशुल्क | ० | |
| ४ | कृत्रिम गर्भाधान सेवा कार्यक्रम सेक्स सिमेनको वापतको शुल्क | ५०० | ५०० | |
| ५ | गर्भपरिक्षण (गाई, भैसी) प्रति पशु | ५० | १०० | |
| ६ | गोबर जाँच शुल्क प्रति पशु | ५० | १०० | |
| ७ | घोडाको उपचार सेवा प्रति पशु | १०० | ५०० | |
| ८ | टर्कीको उपचार सेवा प्रति गोटा | ५ | ३० | |
| ९ | घरपालुवा साना बाख्रा खसी जस्ता पशु उपचार सेवा प्रति पशु | १० | ५० | |
| १० | ठुला जंगली पशु उपचार सेवा प्रति पशु | १५० | ५०० | |
| १२ | दुध जाँच गरि रोग निदान सेवा प्रति पशु | २० | १०० | |
| १३ | पशु बन्ध्याकरण सेवा शुल्क राँगा, गोरु | ५० | १०० | |
| १५ | बंगुर, विरे बन्ध्याकरण शुल्क | ३० | ५० | |
| १६ | बोका, थुमा बन्ध्याकरण शुल्क | २० | ५० | |
| २१ | माछाको उपचार सेवा प्रति कठ्ठा रु | ५० | १०० | |
| २२ | रगत जाँच शुल्क | ५० | १०० | |
| २३ | शव परिक्षण प्रति कुखुरा, हाँस | २५ | ५० | |
| २४ | शव परिक्षण प्रति ठुला पंक्षी | ५० | १०० | |
| २५ | शव परिक्षण राँगा,भैसी,गाई जस्ता ठुला पशु | ५०० | ५०० | |
| २६ | बाख्रा, बोकाको शव परिक्षण प्रति पशु | १५० | २५० | |
| २८ | सोखका लागी पालिने पशु, कुकुर, विरालोको उपचार सेवा प्रति पशु | २५ | १०० | |

अनुसूचि –१६

(दफा २३ सँग सम्वन्धित)

**वार्षिक व्यवसाय करको दररेट**

(राजस्व शिर्षक नं: १४६११)

| क्र.स. | विवरण | आ.व. २०८२/०८३ को स्वीकृत दर | आ.व. २०८३/०८४ को स्वीकृत दर | कैफियत |
|---|---|---|---|---|
| १ | अनुसन्धानकर्ता तथा परामर्शदाता | १५०० | १५०० | |
| २ | अन्य व्यवसाय (साना PAN मा कारोबार गर्ने) | १००० | १००० | |
| ३ | अन्य व्यवसाय ठुला प्रकृतीका (VAT मा कारोबार गर्ने समेत) | | ३००० | |
| ४ | अडियो, भिडियो क्यासेट बिक्री तथा मर्मत | ११०० | ११०० | |
| ५ | इलेक्ट्रोनिक्स पसल, कम्प्युटर, मोवाइल, टि.भी., रेडियो, घडी तथा अन्य विद्युतीय सामान कुनै बेच्ने पसल, | ३००० | ३००० | |
| ६ | ईन्जीनियरीङ् सेवा, कन्सल्टेन्सी सेवा | २५०० | २५०० | |
| ७ | एग्रोभेट पसल | ३३०० | २५०० | |
| ८ | एग्रो सेन्टर पसल | | १५०० | |
| ९ | Exim Code व्यवसाय | | ५००० | |
| १० | कपडा थान पसल | २००० | २००० | |
| ११ | कविराज उपचार सेवा | १००० | १००० | |
| १२ | कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | १५०० | १५०० | |
| १३ | कानुन व्यवसायी सेवा | ११०० | ११०० | |
| १४ | भेटेनरी पसल | ५०० | १५०० | |
| १५ | कुरियर सेवा | ५०० | १००० | |
| १६ | केवल नेटवर्क, ईन्टरनेट व्यवसायीलाई | १६०० | २००० | |
| १७ | रासायनिक मल थोक विक्रेता | ८०० | १००० | |
| १८ | खेलौना , उपहार ( गिफ्ट ) विक्रेता | १००० | १००० | |
| १९ | खोका व्यवसाय | ५०० | १००० | |
| २० | गाई, भैंसी पालन व्यवसाय | ५०० | १००० | |
| २१ | ग्रामीण क्षेत्रको चिया नास्ता पसल | ५०० | १००० | |
| २२ | ग्रील उद्योग | १६०० | २००० | |
| २३ | गुड मिल (मिठाई) | ५५०० | ५५०० | |
| २४ | ग्यास विक्रेता | | २००० | |
| २५ | चस्मा पसल | १५०० | १५०० | |
| २६ | चाट पसल | ५०० | १००० | |
| २७ | चार्जिङ स्टेशन | | ३००० | |
| २८ | व्यूटिपार्लर | | १५०० | |
| २९ | श्रृंगार पसल | १००० | १००० | |
| ३० | श्रृंगार पसल तथा व्यूटीपार्लर | | २००० | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | छपाइ तथा प्रकाशन | २००० | २००० | |
| ३२ | जादु, सर्कस, चटक आदिमा प्रतिदिन | १००० | १००० | |
| ३३ | जुता पसल | १५०० | १५०० | |
| ३४ | ड्राई क्लिनर्स | १००० | १००० | |
| ३५ | दुना टपरी उद्योग | १००० | १५०० | |
| ३६ | टेन्ट हाउस | १५०० | १५०० | |
| ३७ | टेलरीङ्ग सेवा (कपडा सिलाउने) | १५०० | १५०० | |
| ३८ | डेरी, वेकरी पसल | १५०० | १५०० | |
| ३९ | भेटेनरी पसल पशु चिकित्सक सेवा सहित | १५०० | २००० | |
| ४० | पशु पन्छीको आहार उत्पादन गर्ने | ११०० | १००० | |
| ४१ | पेट्रोल पम्प | | ५००० | |
| ४२ | प्लास्टिक थोक तथा खुद्रा पसल | २००० | २००० | |
| ४३ | फर्निचर (स्टिल, काठ), कार्पेट विक्रेता | १६०० | १६०० | |
| ४४ | फूल र विरुवा नर्सरीको बिक्रेता | १००० | १००० | |
| ४५ | फेन्सी पसल | २००० | २००० | |
| ४६ | फोटो स्टुडियो | १५०० | १५०० | |
| ४७ | फोन, फ्याक्स, फोटोकपि पसल | ७०० | ८०० | |
| ४८ | बधशाला | २००० | २००० | |
| ४९ | बाख्रा, बंगुर भेडापालन व्यवसाय | ५०० | १००० | |
| ५० | बायो प्लास्टीक उद्योग | ३००० | ३००० | |
| ५१ | भाँडा पसल | १५०० | १५०० | |
| ५२ | मसाज सेन्टर | २५०० | २५०० | |
| ५३ | मासु बेच्ने पसल (रांगा, खसी वा वंगुरको मात्र) | १५०० | १५०० | |
| ५४ | मासु बेच्ने पसल (माछा, पंक्षीको मात्र) | १००० | १००० | |
| ५५ | मिष्ठान भण्डार पसल | १५०० | १५०० | |
| ५६ | सामान्य चिया नास्ता पसल | १००० | १००० | |
| ५७ | रेडियो, घडी पसल | १००० | १००० | |
| ५८ | लेखा परीक्षक | १५०० | १५०० | |
| ५९ | विज्ञापन एजेन्ट | १५०० | १५०० | |
| ६० | वीमा एजेन्ट | १५०० | १५०० | |
| ६१ | विध्रुतीय गाडी चार्जिङ्ग स्टेशन | | ५००० | |
| ६२ | सर्भेयर/नापी व्यवसाय | १५०० | १५०० | |
| ६३ | साइवर तथा इमेल, इन्टरनेट, रेडियो पेजिङ, फोटोकपी पसल आदि | १००० | १००० | |
| ६४ | साइन वोर्ड बनाउने पेन्टिङ् सेवा | १५०० | १५०० | |
| ६५ | साउण्ड सिस्टम वा टेन्ट भाडा दिने तथा बिक्री पसल | १५०० | १५०० | |
| ६६ | सामान ढुवानीकर्ता तथा कम्पनी | २५०० | २५०० | |
| ६७ | सिसा, प्लाइउड विक्रेता | १५०० | १५०० | |

| | | | | |
|---|---|---|---|---|
| ६८ | सुन चाँदीका गहना बनाउने तथा मर्मत गर्ने पसल | ३००० | ३००० | |
| ६९ | सेक्रेटरियल सेवा | १००० | १००० | |
| ७० | सैलुन (कपाल काट्ने) पसल | १५०० | १५०० | |
| ७१ | स्टेशनरी तथा पुस्तक पसल | २००० | २००० | |
| ७२ | स्नुकर र पुल हाउस जिम खाना | १५०० | १५०० | |
| ७३ | हार्डवयर पसल | | २५०० | |
| ७४ | होटल, लज तथा रेष्टुरन्ट /बार | २५०० | २५०० | |
| ७५ | होटल सामान्य खालको | २००० | २००० | |
| ७६ | ह्याचरी ( चल्ला उत्पादन गर्ने) लाई | ३००० | ३००० | |
| ७७ | मर्मत तथा संभार सेवा तर्फ | | | |
| | चार पांग्रे गाडी मर्मत | २७०० | २७०० | |
| | मोटरसाइकल मर्मत | २१०० | २१०० | |
| | रेडियो मर्मत | ५०० | १००० | |
| | घडी मर्मत | ५०० | १००० | |
| | मोवाइल मर्मत | ५०० | १००० | |
| | टायर, पञ्चर टाल्ने र टायरमा हावा भर्ने | ५०० | १००० | |
| | सवारी डेन्ट, पेन्ट गर्ने पसल | १६०० | १६०० | |
| | सवारी साधन धुने | ५०० | १००० | |
| | सवारी साधनको सिट, हुट बनाउने पसल | १५०० | १५०० | |
| | साइकल, कुकर,पंखा, छाता, स्टोभ आदि मर्मत | १००० | १००० | |
| ७८ | स्वास्थ्य सेवा तर्फ | | | |
| | नर्सिङ्ग होम गैर सरकारी अस्पताल, निजि अस्पताल | ५००० | ५००० | |
| | एक्सरे, ल्याव सुविधा सहित डाक्टरको सेवा भएको मेडिकल | ५००० | ५००० | |
| | एक्सरे, ल्याव सुविधा रहित डाक्टरको सेवा भएको मेडिकल पसल/ औषधी थोक पसलमा | २००० | २००० | |
| | दात उपचार केन्द्र | २००० | २००० | |
| | डाक्टरको सेवा नभएको मेडिकल पसल | १५०० | १५०० | |
| | सर्जिकल सामान बेच्ने पसल | २५०० | २५०० | |
| | वैद्य खाना तथा अन्य क्लिनिक, ल्याव | २५०० | २५०० | |
| ७९ | शिक्षा सेवा तर्फ | | | |
| | निजि मन्टेश्वरी विद्यालय वार्षिक कर | ३००० | ३००० | |
| | आधारभुत तहका संस्थागत विद्यालय वार्षिक कर | ५००० | ५००० | |
| | मा.वि.तहका संस्थागत विद्यालय वार्षिक कर | ७००० | ७००० | |
| | तालीम तथा अनुसन्धान केन्द्र, शैक्षिक प्रतिष्ठान नविकरण शुल्क | १००० | १००० | |
| | टाइपिङ्, कम्प्युटर तथा भाषा प्रशिक्षण केन्द्र ट्युसन सेन्टर नविकरण शुल्क | १००० | १००० | |

| | | | | |
|---|---|---|---|---|
| | अन्तराष्ट्रिय गैर सरकारी संस्था | ५५०० | ५५०० | |
| | राष्ट्रिय गैर सरकारी संस्था | २००० | २००० | |
| ८० | वित्तीय सेवा तर्फ | | | |
| | नेपाल सरकारको पुर्ण स्वामित्व रहेको बाहेक केन्द्रिय स्तरका वाणिज्य बैंकहरु, प्राईभेट बैंक | ११००० | ११००० | |
| | काउन्टर मात्र भएको प्राईभेट बैंक | | ८००० | |
| | वित्तीय कम्पनीको शाखा कार्यालय, लघु वित्त | ५५०० | ५५०० | |
| | बचत तथा ऋण सहकारी (क श्रेणी २ करोड भन्दा बढी कारोवार हुने ) | ५५०० | ५५०० | |
| | आर्थिक कारोवार गर्ने सहकारी संस्थाहंरु (ख श्रेणी२ करोड भन्दा कम कारोवार हुने) | ४४०० | ४४०० | |
| | अन्य कारोवार गर्ने सहकारी संस्थाहंरु | ५५०० | ५५०० | |
| | वीमा कम्पनीहरु | ५५०० | ५५०० | |
| | मनी टान्सफर | ५५०० | ५५०० | |
| ८१ | मदिरा पसल | | | |
| | डिलर/थोक विक्री पसल | ६००० | ६००० | |
| | खुद्रा विक्री पसल | ३००० | ३००० | |
| ८२ | मिलहरु, कुटानी,पिसानी र पेलानी कार्य गर्नेलाई | | | |
| | कुटानी,पिसानी र पेलानीका साथै खाद्यान बिक्रि कार्य गर्नेलाई | २००० | २००० | |
| | घुम्ति मिल | | १५०० | |
| | कुटानी,पिसानी र पेलानी कार्य गर्नेलाई | १००० | १५०० | |
| ८३ | किराना तथा खाद्य पसल | | | |
| | उच्च किराना तथा खाद्य पसल (रु. २५ लाख भन्दा माथि पूँजि भएका) | ३००० | ३००० | |
| | मध्यम किराना तथा खाद्य पसल (रु. १० लाख १ देखि २५ लाख सम्म पूँजि भएका) | १५०० | १५०० | |
| | सामान्य किराना तथा खाद्य पसल ) (रु. १ देखि १० लाख सम्म पूँजि भएका) | १००० | १००० | |
| | रेडियो, घडी मात्र राखेको सामान्य पसल | १००० | १००० | |
| ८४ | सवारी साधन विक्रीमा | - | 0 | |
| | चारपाग्रे सवारी साधन डिलर/ सव डिलर/सेवा केन्द्र | ८८०० | ८८०० | |
| | तीन पांग्रे(पावर ट्रिलर सहित) डिलर/ सव डिलर/सेवा केन्द्र | ५५०० | ५५०० | |
| | मोटरसाइकल सो रुम डिलर/ सव डिलर/सेवा केन्द्र | ४४०० | ४४०० | |
| | साइकल सो रुम डिलर/ सव डिलर/सेवा केन्द्र | २२०० | २२०० | |
| ८५ | पोखरी निर्माण गरी माछा पालन व्यवसाय | | | |
| | ०-१० कट्ठा सम्म | १००० | १००० | |
| | ११-२० कट्ठा सम्म | २००० | २००० | |
| ८६ | औद्योगिक कारखाना तथा उद्योगहरुमा | | | |

| | | | | |
|---|---|---|---|---|
| | अगरबत्ती उत्पादन उद्योग | | २००० | |
| | काठको गिलास ठेकी उत्पादन उद्योगबाट | १००० | १००० | |
| | कृषि औजार मर्मत तथा निर्माण गरि बिक्री गर्ने | | १५०० | |
| | क्रसर उद्योग | ५५०० | ५५०० | |
| | चाउमिन उत्पादन उद्योगबाट | १५०० | १५०० | |
| | चामल, दाल, पिठो , तेल उत्पादन गर्ने मिनी प्लान्ट | ७७०० | ७७०० | |
| | चामल, दाल, पिठो , तेल उत्पादन गर्ने र गल्ला खरिद सहित ठुलो उद्योग | ९९०० | ९९०० | |
| | चिम्नी भएको इट्टा भट्टा उद्योगबाट | ११००० | ११००० | |
| | जडिवुटी बिक्रि तथा प्रसोधन | १००० | १००० | |
| | पाउरोटी वा सर्वत बनाउने उद्योगबाट | १५०० | १५०० | |
| | प्लाइउडको कच्चा पदार्थ उत्पादन गर्ने उद्योगबाट | ६६०० | ६६०० | |
| | फर्निचर, काठ चिरान मिल | ५५०० | ५५०० | |
| | मैन वत्ती उत्पादन उद्योगबाट | १००० | १००० | |
| | विना चिम्नीका इट्टा भट्टा उद्योगबाट | ६६०० | ६६०० | |
| | सटर ग्रील उद्योगबाट | २५०० | २५०० | |
| | लघु तथा घरेलु उद्योग | | १५०० | |
| | सावुन सोडा उत्पादन उद्योगबाट | १५०० | १५०० | |
| | सिमेन्ट, रोडी, बालुवा प्रयोग गरी ह्युम पाइप, पिलर रिङ्, ब्लक, गमाला बनाउनेबाट क श्रेणि | ४४०० | ४४०० | |
| | सिमेन्ट, रोडी, बालुवा प्रयोग गरी ह्युमपाइप, पिलर आदि बनाउने पसलबाट ख श्रेणि | ३३०० | ३३०० | |
| | सिमेन्ट,रोडी,बालुवा प्रयोग गरी ह्युम पाइप, पिलर आदि बनाउने पसलबाट ग श्रेणि | ३००० | ३००० | |
| ८७ | प्राईभेट संचार सेवा प्रदायक कम्पनी (एन.सेल, सुविसु आदी) | | | |
| | क) दर्ता संचालन स्वीकृती | १३२०० | १३२०० | |
| | ख) बार्षिक कर | २००० | २००० | |
| ८८ | गल्ला | | | |
| | गल्ला व्यवसाय (रु१०लाख सम्म पूँजि राखी वाणिज्य कार्यालयमा दर्ता भएका) | ७७०० | ७७०० | |
| | गल्ला व्यवसाय (रु१०लाख१देखि२०लाख सम्म पूँजि राखी वाणिज्य कार्यालयमा दर्ता भएका) | ८८०० | ८८०० | |
| | गल्ला व्यवसाय (रु२०लाख१ भन्दा माथि ३०लाख सम्म पूँजि राखी वाणिज्य कार्यालयमा दर्ता भएका) | ९९०० | ९९०० | |
| | गल्ला व्यवसाय (रु.३०लाख १ भन्दा माथि वाणिज्य कार्यालयमा दर्ता भएका) | ११००० | ११००० | |

अनुसूचि –१७

(दफा २४ सँग सम्वन्धित)

**बिज्ञापन कर**

(राजस्व शिर्षक नं.: ११४७२)

| क्र. स. | विवरण | आ.व. २०८२/०८३ को स्वीकृत दर | आ.व. २०८३/०८४ को स्वीकृत दर | कैफियत |
|---|---|---|---|---|
| १ | विज्ञापन बोर्ड १० स्क्वायर फिटसम्मका लागि प्रति स्क्वायर फिट | २५ | २५ | |
| २ | विज्ञापन बोर्ड २० स्क्वायर फिटसम्मका लागि प्रति स्क्वायर फिट | ३५ | ३५ | |
| ३ | विज्ञापन बोर्ड ३० स्क्वायर फिटसम्मका लागि प्रति स्क्वायर फिट | ४० | ४० | |
| ४ | विज्ञापन बोर्ड ३१ स्क्वायर फिट देखि माथिका लागि प्रति स्क्वायर फिट | ५० | ५० | |
| ५ | भित्ते लेखन प्रति स्क्वायर फिट | २० | २० | |
| ६ | विद्युतीय वा टेलिफोनका पोलमा राखेका प्रतिबोर्ड | ५०० | ५०० | |
| ७ | फ्ल्याक्स व्यानरमा १० स्क्वायर फिटसम्मलाई प्रति स्क्वायर फिट | ६० | ६० | |
| ८ | फ्ल्याक्स व्यानरमा १० स्क्वायर फिट भन्दा माथिका व्यानरलाई प्रति स्क्वायर फिट | १०० | १०० | |
| ९ | अस्थायी रुपमा पोलमा लगाईएका व्यानर प्रतिदिन | २० | २० | |
| १० | सडक वारपार गरी लगाईएका व्यानर प्रतिदिन | ४० | ४० | |
| ११ | व्यापारीक प्रयोजनको लागि माईङ्गिमा प्रति घण्टा | ४० | ४० | |

आज्ञाले,

भोज राज भट्ट

प्रमुख प्रशासकीय अधिकृत